नेपाल सरकार
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**
(..............................................शाखा)
सिंहदरवार, काठमाण्डौं

प.सं. : ०७५।०७६
च.नं. : १२८

मिति २०७५।०५।१३

## प्रेस विज्ञप्ति

माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानु भक्त ढकालसंग नेपालका लागि वेलायतका महामहिम राजदूत Richard Morris ले माननीय मन्त्रीज्यूको कार्यकक्षमा शिष्टाचार भेट गर्नु भयो । भेटका अवसरमा नेपाल र वेलायत बीचको लामो र सौहार्दपूर्ण कुटनीति सम्बन्धको महत्वलाई स्मरण गर्दै आपसी सहयोग आदानप्रदानका समसामयिक विषयमा छलफल भएको थियो । महामहिम राजदूतवाट संविधान कार्यान्वयनसंग सम्वन्धित कानून निर्माण तथा विद्यमान कानूनको संसोधन तथा संकमणकालीन न्यायको व्यवस्थापनका विषयमा जिज्ञासा राख्नु भएको थियो । भेटघाटका अवसरमा माननीय मन्त्रीज्यूले संविधान कार्यान्वयनको अवस्था, संकमणकालीन न्याय व्यवस्थापनका लागि गरिएका प्रयास र सरकारको प्राथमिकताका विषयमा जानकारी गराउनु भएको थियो । साथै सो अवसरमा माननीय मन्त्रीज्यूले संविधान कार्यान्वयन, नयाँ कानून निर्माण तथा विधमान कानूनमा संसोधन, आर्थिक सम्मृद्धि र सुशासनजस्ता पक्षमा नेपाल सरकारको उच्च प्राथमिकता रहेको जानकारी गराउनु गर्नु भएको थियो ।

रमेश ढकाल
प्रवक्ता एवं सहसचिव

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४

नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..........................................................शाखा)

प.सं. : ०७५/०७६

च.नं. : १२६

सिंहदरवार, काठमाण्डौं

मिति २०७५।०५।१३

## प्रेस विज्ञप्ति

मिति २०७५ साल भदौ १२ गते माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानु भक्त ढकालसंग नेपालका लागि चीनका महामहिम राजदूत Yu Hong ले माननीय मन्त्रीज्यूको कार्यकक्षमा शिष्टाचार भेट गर्नु भयो । भेटका अवसरमा उहाँहरु बीच नेपाल र चीन बीचको लामो र सौहार्दपूर्ण कुटनीति सम्बन्धको महत्वलाई स्मरण गर्दै आपसी सहयोग आदानप्रदानका समसामयिक विषयमा छलफल भएको थियो । महामहिम राजदूतवाट नेपालका सम्मानीय प्रधानमन्त्री केपी शर्मा ओलीवाट भएको चीन भ्रमणको स्मरण गर्दै सो समयमा भएका द्विपक्षीय सम्झौताको कार्यान्वयनको वारेमा जानकारी गराउनु भएको थियो । महामहिम राजदूतवाट दुई देश बीच पारस्परिक कानूनी सहायता तथा लगानी संरक्षण सम्झौताका विषयमा समेत छलफल गर्नु भएको थियो । सो भेटघाटका कममा माननीय मन्त्रीज्यूले चीन संग भएका सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने तथा पारस्परिक सहयोग अभिवृद्धिका लागि नयाँ विषयमा सम्झौता गर्ने सम्वन्धमा नेपाल सरकार सदैव तयार रहेको जानकारी गराउनु भएको थियो । चीनका राजदूतसंगको भेटका अवसरमा माननीय मन्त्रीज्यूले संविधान कार्यान्वयन, नयाँ कानून निर्माण तथा विधमान कानूनमा संसोधन, आर्थिक सम्मृद्धि र सुशासनजस्ता पक्षमा नेपाल सरकारको उच्च प्राथमिकता रहेको जानकारी गराउनु गर्नु भएको थियो ।

रमेश ढकाल

प्रवक्ता एवं सहसचिव

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७

फ्याक्स नं.: ४-२११६८४